# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, चैत २९ गते २०५५ साल (संख्या ५१



## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले जासूसी ऐन, २०१८ को दफा १० बमोजिम सोही ऐन अन्तर्गतको मुद्दा हेर्ने अधिकार हाललाई काठमाडौं जिल्ला अदालतलाई प्रदान गरेको छ ।

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

श्री ५ को सरकारले दूरसञ्चार नियमावली, २०५४ को अनुसूची–६ को सि. नं. १३ बमोजिम दूरसञ्चार सम्बन्धी भिडियो कन्फरेन्सिङ्ग सेवा सञ्चालन गर्नको लागि अनुमतिपत्र दस्तुर रू. १,५०,०००।– र सोही नियमावलीको अनुसूची–७ को सि. नं. २२ बमोजिम त्यस्तो अनुमतिपत्र नवीकरण गर्नको लागि रू. १,३५,०००।– तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
श्रीराम पौडेल
869 श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

# अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल आँखा अस्पताल स्थापना भएको २५ वर्ष पुगेको उपलक्ष्यमा देहाय बमोजिमको डिजाइन नाप र तौल भएको सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ।

अग्र भाग:– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५५ रही स्वतीक चिह्नभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिह्न रहनेछ।

पृष्ठ भाग:– वरिपरि ६४ थोप्लाभित्र सबभन्दा माथि अर्धगोलाकार रुपमा नेपालीमा नेपाल आँखा अस्पताल र त्यसको तल रजत जयन्ती, बीचमा वृत्तभित्र नेपाल आँखा अस्पतालको लोगो, लोगोको बायाँतर्फ नेपालीमा रू. २५ र दायाँतर्फ अंग्रेजीमा Rs. 25, लोगोको तल अंग्रेजीमा SILVER JUBILEE उल्लेख हुनुका साथै त्यसको मुनी नेपालीमा २०३०–२०५५ रही सबभन्दा तल बायाँतर्फ नेपालीमा नेपाल र दायाँतर्फ अंग्रेजीमा NEPAL अङ्कित रहनेछ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | – रू. २५।– |
| धातु | – क्यूप्रोनिकेल |
| तौल | – ८.५ ग्राम |
| व्यास | – २९ मि.मि. |
| सिरेशन | – धर्सो नभएको |
| रङ्ग | – सेतो |
| अधिकतम निष्काशन | – ५०,००० थान। |

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

862



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५५।११।१८ को निर्णयानुसार यस मन्त्रालयका शाखा अधिकृत श्री बलदेवराम शर्मा धिताललाई निजामती सेवा ऐन, २०४९ को दफा २० क. को उपदफा (१) को प्रयोजनको लागि नेपाल प्रशासन सेवा सामान्य प्रशासन समूहको रा. प. तृतीय श्रेणीको पदबाट सोही सेवा र समूहको रा. प. द्वितीय श्रेणीको उप-सचिव पदमा मिति २०५५।१२।३ देखि लागू हुने गरी बढुवा गरिएको छ ।

आज्ञाले,<br>
सूर्यनाथ उपाध्याय<br>
श्री ५ को सरकारको सचिव

## संसद सचिवालयको

### सूचना १

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा ( २ ) बमोजिम राष्ट्रिय सभाको चालू रहेको पन्ध्रौं अधिवेशन सम्वत् २०५५ साल माघ ४ गते सोमबारका दिन साँझ १८.०० बजेदेखि अन्त्य गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,<br>
ईश्वरप्रसाद उपाध्याय<br>
संसदको महासचिव

### सूचना २

राष्ट्रिय सभाका सदस्य श्री केशरबहादुर विष्ट (नेपाली कांग्रेस) ले मिति २०५५।११।२८ देखि लागू हुने गरी राष्ट्रिय सभाको सदस्य पदबाट राजीनामा दिनु भएकोले राष्ट्रिय सभा नियमावली, २०५५ को नियम १९६ को उपनियम (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,<br>
रामबहादुर के.सी.<br>
राष्ट्रिय सभाको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६८२

मुद्रण विभाग, सिंहदरबार

४६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।